नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ ५२०१२३, ५२०१२४, ५२०१२५

च.नं. १६६०
प.स. २०८०/०८१

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

मिति : २०८०।१०।२३
११११४ पोहेलागा, ११ मंगलवार

विषय : सूचना सम्बन्धमा ।

श्री नगरपालिका/गाउँपालिका सबै,
पाल्पा ।

प्रस्तुत बिषयमा गृह मन्त्रालय राप्ति उपत्यका (देउखुरी), नेपालको च.नं. २३१ मिति २०८०।१०।२३ को पत्रसाथ प्राप्त सूचना पत्रको छाँयाप्रति यसैसाथ संलग्न राखि पठाइएको छ, व्यहोरा सोही पत्रवाट अवगत गर्नु भई तहां नगरपालिका/पालिकामा सशस्त्र द्धन्दका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचारको लागि जानकारी दिनुहुन आदेशानुसार अनुरोध छ ।

२०८०।१०।२३
रमा श्रेष्ठ
प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश सरकार

# गृह मन्त्रालय

राप्ति उपत्यका (दिउखुरी), नेपाल

पत्र संख्या: २०८०/०८१

च.नं.:

मिति: २०८०/१०/२३ गते ।

विषय: सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशमा रहेका सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलसँग यस मन्त्रालयले कार्यक्रम सम्झौता गरि सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग व्यक्तिहरुको उपचारको व्यवस्था मिलाएको हुदाँ सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुले सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको उपचार सम्बन्धी कार्यविधि, २०८० बमोजिम देहायका कागजातहरु सहित यस मन्त्रालयमा सम्पर्क गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

ख) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति

ग) जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्ग भएको भन्ने व्यहोराको सिफारिस पत्र,

घ) स्वास्थ्य समस्य पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस भएमा सोको प्रतिलिपि,

ङ) स्वास्थ्य समस्यासँग सम्बन्धीत वा पहिचान खुल्ने अन्य कागजात भएको त्यस्तो कागजातहरु ।

२०८०/१०/२३

मेघराज सोनी

शाखा अधिकृत

"समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"

E-mail: info.moial@lumbini.gov.np, website: moial.lumbini.gov.np